# वीरगञ्ज उप-महानगरपालिकाको १८औं नगरपरिषदबाट पारित

## आर्थिक वर्ष २०७१।२०७२ को बजेट, नीति तथा कार्यक्रम र आय व्यय विवरण सम्बन्धी कार्यकारी अधिकृत तारा बहादुर कार्कीको वक्तव्य ।

वीरगञ्ज उप-महानगरपालिकाको १८ औं नगरपरिषदका प्रमुख अतिथिज्यू, संबिधानसभाका सभासदज्यूहरु, विभिन्न राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू लगायत कार्यालय प्रमुखज्यूहरु, श्रीमान् वरिष्ठ प्रहरी उपरिक्षकज्यू, श्रीमान् स्थानीय विकास अधिकारीज्यू, श्रीमान् प्रहरी उपरिक्षकज्यू, वीरगञ्ज उधोग वाणिज्य संघका अध्यक्षज्यू, नागरिक समाज, बौद्धिक क्षेत्र, विभिन्न संघ संस्था तथा गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, संचारकर्मी मित्रहरु, उपस्थित आदरणीय महानुभावहरु एवं कर्मचारी साथीहरु ।

वीरगञ्ज उप-महानगरपालिकाको १८ औं नगरपरिषदको यस सुखद घडीमा सर्वप्रथम म राष्ट्रिय अखण्डता, सार्वभौमिकता, स्वाधीनता र लोकतान्त्रिक गणतन्त्र स्थापनाका निम्ति जीवन आहुति गर्ने ती महान ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । जन आन्दोलन तथा मधेश आन्दोलनका घाईते तथा योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु ।

मुलुक कै प्रमुख आर्थिक तथा व्यापारिक केन्द्र, राजनैतिक परिवर्तनको अग्रणीस्थान, शहीदहरुको कर्मभुमि, भविष्यमा प्रान्तीय राजधानी एवं महानगरीय परिकल्पनाका साथ नगरको सर्बोत्तोमुखी विकास अभियानमा अग्रसर वीरगञ्ज नगरको १८औं नगरपरिषदमा आज हामी उपस्थित भएका छौ । यस नगरपरिषदमा यहाँहरु समक्ष आर्थिक वर्ष २०७०।०७१ को संशोधित वजेट तथा आ.ब.२०७१।०७२ को वजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म र वीरगञ्ज उप-महानगरपालिका परिवारलाई नै गर्व महसुस भैरहेको छ ।

जनताको सबैभन्दा नजिकको निकाय स्थानीय निकायहरु भएको र जनताको अपेक्षा अनुरुप नगरको समग्र विकास, स्थानीय प्रजातन्त्रको सुदृढिकरण, लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण, लैंगिक समानता र समावेशी विकास तथा सामाजिक वञ्चितीकरणमा परेका समूदायको सवलीकरण मार्फत दिगो विकासको प्रबर्द्धनमा योगदान पु-याउनु यी निकायहरुको प्राथमिक दायित्व हो । सीमित साधन श्रोतबाट उल्लेखित प्राथमिक कर्तब्य पुरा गर्नु आजको प्रमुख चुनौति हो ।

स्थानीय निकायहरु जनप्रतिनिधीमूलक संस्थाहरु भए तापनि देशमा उत्पन्न विशिष्ट राजनैतिक अवस्थाले गर्दा विगत्त लामो समय देखि स्थानीय निकायहरुमा जनप्रतिनिधीहरुको रिक्तता कायमै छ । यस्तो प्रतिकुल परिस्थितीमा नीतिगत निर्णय र विकास निर्माणका कार्यहरु गर्न/गराउन कठिनाई सृजना हुनु स्वभाविक नै हो । तथापी सीमित श्रोत र साधनको परिचालन गरी तीव्र शहरीकरणको व्यवस्थापन, नगरबाट प्रदान गरिने आधारभूत सेवा, सुविधा, उपलब्ध गराउने कार्यमा कमी कमजोरी नहोस् भन्ने संकल्पका साथ उप-महानगरपालिका परिवारका सम्पूर्ण सदस्यहरु आ-आफनो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक क्रियाशील रहेको व्यहोरा यहाँहरु समक्ष अनुरोध गर्न चाहन्छु ।

देश कै ठुलो औधोगिक कोरिडोर भित्र पर्ने मध्य तराईकै एक मात्र उप-महानगरपालिकाको रुपमा रहेको वीरगञ्ज शहरलाई बहुआयामिक विकासको माध्यमद्धारा सुसंस्कृत एवं सभ्य नागरिकहरुको बासस्थानको रुपमा स्थापित गर्ने मूल उदेश्यका साथ बृहत्तर वीरगञ्जको अवधारणा अगाडि सारिएको यहांहरुलाई अवगतै छ । यस शहरलाई देशको आर्थिक केन्द्रको रुपमा विकास गरी एक आधुनिक एवं सवल शहरको रुपमा स्थापित गराउनु हामी सबैको साझा कर्तब्य हो । यसै तथ्यलाई मध्यनजर राखी एक दशक अगाडि प्रतिपादन गरिएको **"स्वस्थ सुन्दर विकासको शहर वीरगञ्ज नगर"**को नारालाई मुर्त रुप दिनको लागि वीरगञ्ज उप-महानगरपालिका नगरको सर्वाङ्गिण विकासको अभियानमा अनवरत रुपमा कृयाशिल रहँदै आएको छ ।

विशिष्ट राजनैतिक परिस्थितिले गर्दा जनप्रतिनिधिविहीन अवस्थामा पनि नगरको समग्र विकासमा राजनैतिक दलहरुबाट देखाईएको अभिरुची, मार्गदर्शन, समन्वयकारी भूमिका र सहयोगप्रति म यस शुभ अवसरमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४, संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको मार्गदर्शन र निर्देशन, अनुदान संचालन कार्यविधी २०६७ र न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यविधी २०६६ तथा नेपाल सरकारबाट समय समयमा जारी भएका नीतिगत मार्गदर्शनको सीमा भित्र रही प्रस्तुत वजेट नीति तथा कार्यक्रम तयार गरिएको हो ।

**आदरणीय उपस्थित महानुभावहरु**

वीरगञ्ज नगरक्षेत्र भित्र एसियाली विकास बैंकको सहयोगमा मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजना आ.ब.२०६८।०६९ देखि संचालन हुंदै आएको छ । यो आयोजनाको अनुमानित लागत्त ३ सय २५ करोड रहेको छ र यसले नगरको भौतिक तथा सामाजिक पूर्वाधार विकास, नगरको बृहत्तर ढल निकास तथा ढल प्रशोधन केन्द्रको स्थापना, नगरभित्रको फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड साईट र जैविकमल उत्पादन, सडक निर्माण, वातावरण संरक्षण तथा समुदायको विकासका लागि आवश्यक कार्य गर्ने छ । मझौला शहर एकिकृत शहरी वातावरणीय सुधार आयोजनको सफल कार्यान्वयनबाट वीरगञ्ज नगरको विभिन्न क्षेत्रमा हुने डुबान, फोहरमैला तथा ढल निकास, जस्ता समस्याहरुको समाधान हुंने विश्वास गरिएको छ, भने सामाजिक विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुले समुदायमा आधारित शिपमूलक तालिम र उत्पीडित तथा पिछडिएका वर्ग तथा लक्षित समुदायको विकासलाई मूलधारमा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

यस आयोजना संचालनको लागि उप-महानगरपालिकाले समपूरककोष (म्याचिङ्गफण्ड) को रुपमा ब्यहोर्नुपर्ने वार्षिक रकम रु. १० करोडको व्यवस्थापन गर्नु चूनौतीपूर्ण रहेको छ । तथापि नगरपालिकाले आफनो सम्पुर्ण आन्तरिक श्रोतबाट जुटाउन सक्ने कर, दस्तुर र शुल्कहरु असुली तर्फ योजनाबद्ध र तदारुकताका साथ कार्यान्वयनमा जाने प्रयास गरिरहेको छ । नगरपालिकाले योगदान गर्नुपर्ने समपूरककोषको व्यवस्थापनको सन्दर्भमा राजनितिक दलहरु, वीरगञ्ज उद्योग वाणिज्य संघ, नागरिक समाज लगायत विभिन्न संघ-संस्थाहरुबाट नेपाल सरकार समक्ष समय समयमा गरिएका

पहल र प्रयासहरुलाई यहांहरु समक्ष स्मरण गराउन चाहन्छु । यस आयोजनाको सफल कार्यान्वयनका लागि आवश्यक सहयोग र सुझाव उपलब्ध गराई दिनुहुन म राजनैतिकदलका प्रमुख वा प्रतिनिधि तथा उपस्थित अतिथिज्यूहरुको ध्यान आकर्षित गर्न चाहन्छु ।

बृहत्तर वीरगञ्ज ( Greater Birgunj ) को अवधारणा अनुसार वीरगञ्ज उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति पर्सा लगायत अन्य संघ-संस्थाहरुको समन्वयमा दिर्घकालिन विकासका लागि विषयगत तथा क्षेत्रगत विशेषज्ञहरुबाट ग्रेटर वीरगञ्जको दिर्घकालिन योजना तर्जुमा गरी यसका लागि आवश्यक कानूनी प्रकृया समेत अगाडि बढाउन गरिएको निर्णय निकट भविष्यमा कार्यान्वयनमा ल्याईनेछ ।

<u>उपस्थित महानुभावहरु :-</u>

**अब म अर्थिक बर्ष २०७१।०७२ को बजेट नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका प्रमुख नीतिगत आधार वारे प्रकाश पार्न चाहन्छु ।**

१. संस्थागत सुशासन, शहरी गरिबी न्यूनिकरण, समुदायहरुको विकास, दलित जनजाति, उत्पीडितवर्गहरुको विकास र उत्थानमा जोड दिइनेछ ।

२. जनसहभागिता, लागत सहभागिता, स्थानीय श्रोत साधनको परिचालन, लक्षितवर्ग र समुदायको सशक्तिकरण एवं मुल प्रवाहीकरण मार्फत समावेशी एवं दिगो विकास प्रत्याभूत गरिनेछ ।

३. स्वायत्त शासनको माध्यमबाट विकासमा जनताको अधिकतम मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको न्यायोचित वितरण गर्ने संवैधानिक मार्गदर्शनको कार्यान्वयनमा जोड दिइनेछ ।

४. विकासका कार्यहरुमा अधिकतमरुपमा सरोकारवालाहरुलाई परिचालन गर्ने र नगरपालिकाको भूमिका निर्णायक, उत्प्रेरक, अनुगमनकर्ता, समन्वयकर्ता एवं नियन्त्रणकर्ताको रुपमा स्थापित गर्दै लैजाने नीतिको कार्यान्वयन गरिनेछ ।

५. संस्थागत सुशासन, उत्तरदायित्व एवं जवाफदेहीता सुनिश्चित गर्न सामाजिक परीक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक सर्वेक्षण, समीक्षा आदिलाई प्राथमिकता दिनु पर्ने सरकारी मार्गदर्शन कार्यान्वयनमा जोड दिइनेछ ।

६. स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली, निर्देशिका आदिले परिलक्षित गरेका विषयहरु र ती विषयलाई सम्वोधन गर्ने कार्यक्रमहरुको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

७. नेपाल सरकार, राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिविसबाट प्राप्त मार्गदर्शन एवं निर्देशनहरुको कार्यान्वयन गरिनेछ ।

८. नेपाल सरकारको सुशासन कार्ययोजना, आर्थिक विकास, शासकीय तथा आर्थिक सुधारको कार्य योजना र समृद्धिको कार्य योजना लगायतले परिलक्षित गरेका कार्यक्रमहरुको कार्यान्वयनमा प्राथमिकता दिइनेछ ।

## नीति तथा कार्यक्रम

१. वीरगंज नगरक्षेत्रभित्र रहेका सांस्कृतिक धरोहरहरुको संरक्षण गर्ने नीति लिईएको छ । सो को लागि यस आ.व.मा भिस्वा बौद्ध चैत्यक्षेत्र, लक्ष्मणवा पार्क, भुटनदेवी मन्दिर क्षेत्र संरक्षण तथा मुर्ली पोखरी र वौधीमाई पोखरीको वृहत्तर विकाशका लागि जोड दिईनेछ ।

२. नगरक्षेत्रभित्र जग्गा प्लटिङ्गको लागि नगरपालिकासंग पूर्व स्वीकृति लिनु पर्नेछ । नगरपालिकाको स्वीकृति विना प्लटीङ्गको जग्गा विक्री भएमा त्यस्ता स्थानहरुमा बन्ने भवनहरुको नक्शा पास गर्न नगरपालिका वाध्य हुने छैन । साथै त्यस्ता स्थानहरुमा सेवा सुविधा र विकास पूर्वाधारहरुमा लगानी नगर्ने नीति लिइएको छ ।

३. एसियाली विकास बैंकको सहयोगमा संचालित शहरी वातावरण सुधार आयोजना संचालनका लागि सम्पूरक कोषको लागि पूंजी आवश्यक परेमा अन्तिम विकल्पको रुपमा सस्तो व्याजदरमा 'क' श्रेणीको वाणिज्य बैंकहरुबाट ऋण सहयोग लिई आयोजना संचालन गरिनेछ ।

४. नगरक्षेत्रभित्र प्लाष्टिकजन्य बस्तुहरुको प्रयोगलाई निरुत्साहित गर्दै लैजान पहिलो चरणमा कालो प्लाष्टिक विक्री वितरण र प्रयोगमा रोक लगाईनेछ । यस नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

५. महिला, एकल महिला, बालबालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थान र सशक्तिकरणका लागि लक्षित बर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघ-संस्था मार्फत ती बर्गको लागि आवश्यक कार्यक्रमरु संचालन गरिनेछ ।

६. बिकासको दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवं सन्तुलित बिकासको लागि ती क्षेत्रहरुमा विशेष योजना सहितको कार्यक्रम संचालन गरिनेछ ।

७. दलित, जनजाति, आदिवासी, मधेशी, मुस्लीम र विपन्न समुदायका उत्कृष्ट विद्यार्थी तथा शैक्षिक गुणस्तर वृद्धिमा उत्कृष्ट योगदान पु¥याउने शिक्षक एवं विद्यालयलाई पुरस्कार र सम्मानको उचित व्यवस्था गरिने छ ।

८. उप-महानगरपालिकाबाट सञ्चालन हुने विकास निर्माणका कामहरुको गुणस्तर कायम गर्न अनुगमन, सुपरिवेक्षण र मूल्यांकन कार्य व्यवस्थित रुपमा गरिने छ । साथै योजनागत सार्वजनिक परिक्षणलाई प्रभावकारी, व्यवस्थित र नियमित गरिने छ ।

९. उप-महानगरपालिकाबाट नगरक्षेत्रको सार्वजनिक सम्पति तथा पूर्वाधारहरु जस्तै सडकहरु, ढल, सडकपेटी, सार्बजनिक पार्क, रंगशाला, ल्याण्डफिल साईट, सार्बजनिक शौचालय, धर्मशालाहरु, सांस्कृतिक सम्पदाहरु, सार्बजनिक पर्ती, ऐलानी, हदबन्दी भन्दा बढी भई उपभोगमा नरहेका र नगरपालिकाद्धारा संरक्षण र उपयोग गर्न सकिने अन्य जग्गाहरु समेतको लगत सूचना प्रविधिको उपयोग गरी अध्यावधिक गरिनेछ ।

१०. उप-महानगरपालिकाबाट संचालित सबै किसिमका योजना तथा कार्यक्रमहरु सम्पन्न भएपछि फर फारक गर्नु पूर्व सार्वजनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिईनेछ र ठुला योजनाहरुको सम्पन्न अवधि दुई बर्ष पुगेपछि त्यसता आयोजनाहरुको आर्थिक, सामाजिक उपलब्धि लेखाजोखा गर्न प्रभाव मुल्याँकन गरिनेछ ।

११. उप-महानगरपालिकाले नगरक्षेत्र भित्रमा प्रकोप व्यवस्थापन र आकस्मिक सेवाको लागि कार्यक्रम सहितको कार्ययोजना बनाई बजेट विनियोजन गरिनेछ ।

१२. खानेपानी लाईन नभएका नगरक्षेत्रका केही भागमा खानेपानी लाईन विस्तार गर्न खानेपानी संस्थान, नगरपालिका, अन्य संघ संस्था र उपभोक्ताहरुको समन्वयमा खानेपानीको लाईन विस्तार गरिने कार्यलाई अगाडि वढाईनेछ । नगरपालिकाद्धारा गाडिएका हैण्ड पम्पहरुको मर्मत कार्य गरिनेछ । नगरक्षेत्रमा हैण्ड पम्प जडान, मर्मत संभार र रेखदेख गर्ने कार्य उपभोक्ता समिति मार्फत गर्ने नीति लिई मित्तव्ययितालाई अवलम्बन गरिनेछ ।

१३. उप-महानगरपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा अधिकतम जनसहभागिता हुने योजना तथा कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिईनेछ । उप-महानगरपालिकाको लागत सहभागिताको ८०:२० को अनुपातको अवधारणालाई अवलम्बन गरिनेछ । लक्षित समूह, सुकुम्बासी तथा विपन्न वस्ती रहेको क्षेत्रमा ५ देखि २० प्रतिशत सम्म जनसहभागिता कम गर्न सकिने नीति लिइएको छ । यो व्यवस्था चालु आ.व. देखि नै लागु गरिनेछ ।

१४. सडक बत्तीको दीर्घकालिन व्यवस्थापन गर्न निजी र गैर सरकारी क्षेत्रसंग सहकार्य गरी अगाडि बढने नीति लिइनेछ । यस अन्तर्गत चालु आ.ब.मै घण्टाघर देखि भानुचौक सम्म सौर्य प्रणालीमा आधारित सडक बत्ती जडान गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

१५. स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा २६५ उपदफा (२)ले दिएको अधिकार प्रयोग गरी भवन निर्माण तथा नक्शा पास सम्बन्धी अध्यावधिक मापदण्ड तथा कार्यविधी, २०७० लाई स्वीकृत गरी आगामी आ.ब. देखि कार्यान्वयनमा ल्याईने छ ।

१६. नगरको विकास निर्माण र सेवा प्रवाह कार्यमा आवश्यक पर्ने वित्तिय स्रोतको कमीलाई पूर्ति गर्न नेपाल सरकार, दातृ निकाय तथा संघ-संस्था र निजीक्षेत्र एवं नागरिक समाज लगायत सबै सम्भाव्य आन्तरिक एवं वाह्य स्रोतको अधिकतम परिचालन गरिनेछ ।

१७. चालु आ.व.देखि लागु हुने गरी उप-महानगरपालिकालाई कर बुझाउनुपर्ने ठुला करदाताहरुको सुविधाको लागि रु.२५ लाख भन्दा वढी कर तिर्ने करदाताहरुबाट एक आर्थिक वर्ष भित्र किस्तावन्दी रुपमा कर असुली गर्न सक्ने नीति लिईनेछ । यस अघि निजी संघ-संस्था र नेपाल सरकार अर्न्तगतका संस्थानहरुसंग गरिदैं आएको असुली प्रकृयाको हकमा साविककै नीति यथावत रहनेछ ।

१८. सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणका माध्यमबाट सुशासन, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न उप-महानगरपालिकाबाट संचालित सबै योजना तथा कार्यक्रमहरुमा यी विधिहरु लागु गरिनेछ ।

१९. पेश्की तथा बेरुजु सम्बन्धमा कसैलाई पनि पेश्की माथि पेश्की नदिने, विभिन्न कार्यका लागि लिएको पेश्कीको कानून बमोजिम तोकिएको समय भित्र बील भरपाई पेश नगर्ने, पेश गरिएकोमा पनि समयमै फछ्र्यौट नगर्ने, पेश्की लिने कर्मचारीले पेश गरेको बील भरपाईबाट फछ्र्यौट नहुने खालका पेश्कीहरुको हकमा रकम दाखिला नगर्ने, समय भित्रै हिसाब फरफारक वा बाँकी पेश्की रकम दाखिला नगर्ने व्यक्ति, संघसंस्था, ठेकेदार, उपभोक्ता समिति माथि प्रचलित कानुन बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ । अन्तिम लेखा परीक्षण प्रतिवेदनले औंल्याएका बेरुजु मध्ये नियमित गर्नुपर्ने बेरुजुलाई नियमित गर्ने र असुल उपर गर्ने बेरुजुलाई कडाईका साथ असुल उपर गर्ने नीति लिइनेछ ।

२०. फोहरमैला व्यवस्थापन तथा वातावरण शिक्षालाई जनस्तरमा पुर्याई जनचेतना अभिबृद्धि गर्न विद्यालय, शिक्षक, शिक्षिका, विधार्थी तथा सामाजिक संघ संस्थाहरुको समेत संलग्नता र दातृ निकायहरुको सहयोगमा आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । नगरक्षेत्रलाई स्वच्छ, सफा र स्वथ्यकर तुल्याउन फोहरमैला व्यवस्थापन ऐनलाई कडाईका साथ लागु गरिनेछ ।

२१. नगरक्षेत्र भित्र गरीब आदिवासी/जनजाति तथा दलितहरुले परम्परागत रुपमा गर्दै आएको पेशालाई आधुनिकिकरण गर्दै बढी प्रतिफलदायी तुल्याउन आवश्यक सहयोग गर्ने नीति लिईनेछ ।

२२. पूर्वाधार विकास तथा सामाजिक सेवालाई अपांग मैत्री बनाउने नीति लिईनेछ । अपांगहरुको सामाजिकिकरण, क्षमता बृद्धि, स्वरोजगार एवं पुर्नस्थापनाका लागि आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२३. उप-महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विधालयहरुमा अध्ययनरत अपांङ्गता भएका विधार्थीहरुलाई वार्षिक १ जोर विद्यालय पोशाक उपलब्ध गराउने नीति लिईएको छ ।

२४. नगरक्षेत्रको खेलकुद विकासका लागि जिल्ला खेलकुद समितिसंग सहकार्य गर्दै पूर्वाधार विकासका कार्यक्रमहरु संचालन गरिनेछ । राष्ट्रिय र अन्तराष्ट्रिय प्रतियोगितामा उत्कृष्ट नतिजा हासिल गर्ने नगरवासी खेलाडीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कृत र सम्मानित गरिनेछ ।

२५. उप-महानगरपालिका कार्यालयको संगठनात्मक संरचना र स्वरुपलाई समय सापेक्ष, चुस्त एवं प्रभावकारी तुल्याउन विज्ञहरुको परामर्श बमोजिम तयार गरिएको संगठनात्मक संरचना र कर्मचारीहरुको कार्यविवरण स्वीकृत गरी लागु गरिने छ । यसरी नै बालबिकास केन्द्र संचालन निर्देशिका, महिला समुह संचालन कार्य निर्देशिका र कर्मचारी कल्याणकोष संचालन निर्देशिका स्वीकृत गरी लागु गरिनेछ ।

२६. उप-महानगरपालिकाको राजश्व अभिबृद्धिका लागि भौगोलिक सूचना प्रणालीलाई राजश्व असुलीसंग आबद्ध गरी करको दायरालाई फराकिलो तुल्याउने नीतिलाई अवलम्बन गरिनेछ ।

२७. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ ले निर्दिष्ट गरेबमोजिम वीरगञ्ज उप-महानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न आवश्यक क्रियाकलाप संचालन गरिने छ । उक्त कार्यविधि बमोजिम लक्षित समूहको लागि बजेट विनियोजित गरिनेछ ।

२८. वीरगञ्ज उप-महानगरपालिकाबाट संप्रेषण हुने सूचनाहरुलाई स्थानीय दैनिक पत्रिकाहरुमा समानुपातिक हिसाबले प्रकाशन गराउन नेपाल पत्रकार महासंघ पर्सा शाखाको समन्वय र सुझावका आधारमा विज्ञापन नीति तयार गरिनेछ । आ.ब.०७१।०७२ मा नेपाल पत्रकार महासंघको अक्षयकोषमा केही रकम विनियोजन गरिएको छ ।

२९. जेष्ठ नागरिकको जीवनयापनलाई सहज, सुखमय र सुविधायुक्त तुल्याउन अन्य निकाय तथा संघसंस्थासँग सहकार्य एवं समन्वय गरी वृद्धाश्रम निर्माण कार्यको लागि रकम विनियोजन गरिएको छ ।

**उपस्थित महिला तथा सज्जनवृन्द,**

**अब म आ.व. २०७०/०७१ मंसिर सम्मको यथार्थ, आ.व. २०७०।०७१ को संशोधित तथा आ.व. २०७१/०७२ को अनुमानित आय-व्यय प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**आय**

यस चालु आ.व. २०७०/०७१ मंसिर सम्मको आन्तरिक आय तर्फ गतवर्षको नगद तथा बैंक जिम्मेवारी रु.१,४१,९३,६५८।८७ (एक करोड एकचालीस लाख त्रियानब्बे हजार छव सय अन्ठाउन्न पैसा सत्तासी) र आन्तरिक श्रोतबाट रु.१,३६,८४,४३६।८९ (एक करोड छत्तीस लाख चौरासी हजार चार सय छत्तीस पैसा उनानब्बे) गरी कुलजम्मा रु.२,७८,७८,०९५।७६ (दुई करोड अठत्तर लाख अठत्तर हजार पन्चानब्बे पैसा छियत्तर), स्थानीय निकाय कोष अनुदानबाट रु.१३,०६,८६,६६६।६६ (तेरह करोड छव लाख छयासी हजार छव सय छियासठ्ठी पैसा छियासठ्ठी) र बाह्य श्रोत तर्फबाट रु. १,५३,७६,७६१।०० (एक करोड त्रिपन्न लाख छयत्तर हजार सात सय एकसठ्ठी) समेत गरी जम्मा रु.१७,३९,४१,५२३।४२ (सत्र करोड उन्नचालीस लाख एकचालीस हजार पांच सय तेइस पैसा बयालिस) यथार्थ आम्दानी भएको छ ।

यस आ.व. २०७०/०७१ को संशोधित तर्फ आन्तरिक आय रु.२५,४२,८०,५२२।- (पच्चीस करोड बयालीस लाख असी हजार पांच सय बाइस) , स्थानीय निकाय कोष अनुदानबाट रु.१९,६१,००,०००।- (उनाइस करोड एकसठ्ठी लाख) र बाह्य श्रोतबाट रु.२६,३८,०९,०००।- (छब्बीस करोड अड्तीस लाख नौ हजार) समेत गरी जम्मा रु.७१,४१,८९,५२२।- (एकहत्तर करोड एकचालीस लाख उनानब्बे हजार पांच सय बाइस) अनुमानित आयको लक्ष्य राखिएको छ ।

आगामी आ.ब.२०७१/०७२ को लागि आन्तरिक आय रु.२८,७९,६२,०००।- (अठ्ठाईस करोड उनासी लाख बासठ्ठी हजार), स्थानीय निकाय कोष अनुदानबाट रु.१९,६१,००,०००।- (उनाईस करोड एकसठ्ठी लाख) र बाह्य श्रोतबाट रु.४६,३८,०९,०००।- (छयालिस करोड अड्तीस लाख नौ हजार) गरी जम्मा रु.९४,७८,७१,०००।- (चौरानब्बे करोड अठहत्तर लाख एकहत्तर हजार) अनुमानित आयको लक्ष्य राखिएको छ ।

**व्यय**

यसै गरी व्यय तर्फ आ.व. २०७०/०७१ मा मंसिर सम्ममा साधारण खर्च तर्फ रु.३,६६,४३,१९३।२१ (तीन करोड छयासठ्ठी लाख त्रिचालीस हजार एक सय त्रियानब्बे पैसा एक्काईस), कार्यक्रम खर्च तर्फ रु.५,६८,१३,७४२।३७ ( पांच करोड अड्सठ्ठी लाख तेरह हजार सात सय बयालीस पैसा सैंतिस) र पुंजीगत खर्च तर्फ रु.३,५१,१८,४२९।२४ ( तीन करोड एकाउन्न लाख अठार हजार चार सय उनान्तीस पैसा चौबीस) गरी जम्मा रु.१२,८५,७५,३६४।८२ (बारह करोड पचासी लाख पचहत्तर हजार तीन सय चौसठ्ठी पैसा बयासी) खर्च भएको छ ।

आ.व. २०७०/०७१ को संशोधित तर्फ साधारण खर्च रु.९,२८,३२,९९७।- (नौ करोड अठाईस लाख बत्तिस हजार नौ सय सन्तानब्बे), कार्यक्रम खर्च रु.१५,६३,३२,००३।- (पन्ध्र करोड त्रिसठ्ठी लाख बत्तीस हजार तीन), पुंजीगत खर्च रु.४६,५०,२४,५२२।- (छयालीस करोड पचास लाख चौबीस हजार पांच सय बाइस) गरी जम्मा रु.७१,४१,८९,५२२।- (एकहत्तर करोड एकचालीस लाख उनानब्बे हजार पांच सय बाइस) को अनुमानित व्ययको लक्ष्य राखिएको छ ।

आ.ब.२०७१।०७२ को लागि साधारण खर्च तर्फ रु.९,४६,७१,०००।- (नौ करोड छयालीस लाख एकहत्तर हजार), कार्यक्रम खर्च रु.१३,८६,६३,५००।- (तेरह करोड छयासी लाख त्रिसठ्ठी हजार पांच सय),

पूजीगत खर्च रु.७१,४५,३६,५००।- (एकहत्तर करोड पैंतालीस लाख छत्तीस हजार पांच सय) गरी जम्मा रु.९४,७८,७१,०००।- (चौरानब्बे करोड अठहत्तर लाख एकहत्तर हजार)को अनुमानित व्ययको लक्ष्य राखिएको छ ।

उल्लेखित आय-व्ययमा मझौला शहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना (STIUEIP) संचालन तर्फ नेपाल सरकारबाट प्राप्त हुने अनुदान बाहेक, नगर विकास कोष (TDF) बाट प्राप्त हुने ऋण र वीरगंज उपमहानगरपालिकाबाट समपूरककोष (Matching Fund) बापत उपलब्ध गराउनुपर्ने रकम समावेश भएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त आयोजनामा नेपाल सरकारबाट आ.व.२०७०।०७१ को लागि रु.१,००,६७,४१,५००।- (एक अर्ब सड्सट्ठी लाख एकचालीस हजार पांच सय) र आ.व.२०७१।०७२ को लागि रु.१,९४,३७,१८,५००।- (एक अर्ब चौरानब्बे करोड सैंतीस लाख अठार हजार पांच सय) अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

**अन्तमा,** हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु हुंने प्रमुख अतिथिज्यू सभासदज्यूहरु, राजनैतिकदलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, कार्यालय प्रमुखज्यूहरु, गैरसरकारी संघ–संस्था तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरु, नागरिक समाजका अगुवाज्यूहरु, वुद्धिजिवी, उद्योगपती, व्यापारी, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, निजी तथा व्यवसायिक क्षेत्र र सम्पूर्ण नगरवासीहरु प्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस समारोहमा यहांहरुले सक्रिय सहभागिता जनाई परिषदको गरिमा बढाईदिनु भएकोमा धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद ।**

**मितिः-२०७०।०९।२९**